# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.
च. नं.

**प्रेस विज्ञप्ति**

२०६९ चैत ७ गते

सन्दर्भः जातीय भेदभावविरुद्धको अन्तर्राष्ट्रिय दिवस (मार्च २१)

## जातीय विभेद र शोषणबाट पीडित नागरिकलाई न्यायमा पहुँच आवश्यक

भेदभावरहित समाज निर्माणको दिशामा नेपाली समाज अघि बढिरहेकै बेलामा दलित र गैरदलितबीच अन्तरजातीय विवाह भएकोमा डर-धम्कीको वातावरण पैदा गर्ने, दलितले पानी छोइदिएकोमा दण्ड दिनेजस्ता मानव-मर्यादाविरुद्धको निकृष्ट व्यवहार अझै जारी रहनु खेदजनक विषय हो ।

'मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८', 'जातीय भेदभावविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि, १९६५' 'नेपालको अन्तरिम संविधान, २०६३', 'जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन' लगायत थुप्रै अन्तर्राष्ट्रिय महासन्धि र राष्ट्रिय कानुनले जातीय भेदभावलाई दण्डनीय अपराध ठहऱ्याएको छ । तर पनि जातीय भेदभाव तथा छुवाछूतको गलत परम्परा जारी नै छ । यसका लागि सामाजिक जागरण जति आवश्यक छ, त्यति नै जातीय विभेद र शोषणबाट पीडित नागरिकलाई न्यायको पहुँचमा पुऱ्याउन राज्यसंयन्त्र प्रभावकारी हुन आवश्यक छ । साथै समाजका सदस्यहरूबीच सद्भाव र सहकार्य विस्तार हुनु उत्तिकै जरुरी छ ।

यसैगरी, मानव अधिकारमा आधारित सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्नु र जातीय विभेदमुक्त प्रक्रिया र व्यवहार अङ्गिकार गर्नु पनि नितान्त आवश्यक छ । साथै, कानुन कार्यान्वयन गर्ने निकायलाई अझ क्रियाशील बनाई दोषीमाथि कानुनी कारबाही गर्न र भविष्यमा हुनसक्ने जातीय भेदभावविरुद्धको निकृष्ट व्यवहारलाई रोकथाम र अन्त्य गर्न आयोग सरकारसँग आह्वान गर्दछ ।

(वेदप्रसाद भट्टराई)

का.मु. सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org